# विद्युतीय सवारी साधन
# भर्मोन्टमा प्रोत्साहनहरू (इन्सेन्टिभ)

Drive Electric Vermont

**भर्मोन्ट बासीहरुलाई विद्युतीय सवारी साधन चलाउनमा सहायताका लागि विभिन्न इन्सेन्टिभ (प्रोत्साहन) हरु उपलब्ध छन्, जसमा संघीय कर क्रेडिट, विद्युतीय उपयोगिता कार्यक्रम र भर्मोन्ट राज्यद्वारा इन्सेन्टिभ (प्रोत्साहन)हरु सामेल छन्। यी सबैलाई मिलाएर कुनै पनि विद्युतीय सवारी साधनको प्रारम्भिक मूल्यलाई १४,००० डलर अथवा त्यस भन्दा पनि कम गर्न सकिन्छ। ड्राइव इलेक्ट्रिक भर्मोन्टमा एउटा इन्सेन्टिभ (प्रोत्साहन) क्यालकुलेटर टूल छ जसले भर्मोन्ट बासीहरुलाई यो निर्धारित गर्नमा सहायता गर्दछ कि उनीहरु कुन इन्सेन्टिभ (प्रोत्साहन) हरुका लागि योग्य छन्।**

## संघीय कर क्रेडिट

**नयाँ प्लग-इन विद्युतीय सवारी साधनहरू $७,५०० सम्मको संघीय कर क्रेडिटको लागि योग्य छन्। उत्तरी अमेरिकामा जडान (असेम्बल) गरिएका (असेम्बल) गाडीहरू मात्र उपभोक्ता क्रेडिटको लागि योग्य छन्। पूर्ण लाभ प्राप्त गर्नको लागि तपाईंसँग कम्तिमा क्रेडिटको रकम बराबरको वार्षिक कर दायित्व हुनुपर्दछ, र यदि भाडा (लीजिंग) मा भए, यस अवस्थामा लीजिंग कम्पनी क्रेडिटको लागि योग्य हुनेछ र लीज छुट उनीहरुमा हस्तान्तरित हुन सक्दछ। पुराना EV खरिदहरूमा $४,००० सम्मको कर क्रेडिट प्राप्त गर्न सकिन्छ। कृपया कर क्रेडिट रकम र अतिरिक्त योग्यता आवश्यकताहरूको सम्बन्धमा ताजा जानकारीको लागि हाम्रो वेबसाइट हेर्नुहोस्।**

## भर्मोन्ट विद्युतीय उपयोगिता प्रोत्साहन (इन्सेन्टिभ)

**AEV:** पूर्ण-विद्युतीय सवारी साधन **PHEV:** प्लग-इन हाइब्रिड विद्युतीय सवारी साधन

### बर्लिंगटन विद्युत विभाग

- नयाँ AEV को खरिद वा भाडामा $२,३०० को छुट वा $५०,००० वा कम मूल्यको PHEV को लागि $२,००० को छुट।
- प्रयोग भएका पुराना AEV वा PHEV को खरिदका लागि $१,३०० को छुट।
- मध्यम आम्दानी भएका ग्राहकहरू थप $७०० प्रोत्साहन (इन्सेन्टिभ) का लागि योग्य छन्।
- EV खरिद गरेको ६० दिन भित्र खरिद गरेमा योग्यता स्तर २ (२४० भोल्ट) चार्जरमा $९०० छुट उपलब्ध।
- ८ सेन्ट/kWh को छुट प्राप्त EV चार्जिंग दर जब सबै चार्जहरू महिना भरि नै रात १० बजे र १२ बजेको बीचमा BED-स्वीकृत चार्जर मार्फत गरिन्छ।

### स्टोव विद्युत विभाग

- नयाँ AEV वा PHEV को खरिदका लागि $७५० को छुट।
- प्रयोग भएका पुराना AEV वा PHEV को लागि $३००।
- आम्दानी पात्रता भएका ग्राहकहरू नयाँ वा प्रयोग भएका पुराना AEV वा PHEV मा थप $३०० प्रोत्साहनको लागि पनि योग्य छन्।

### भर्मोन्ट सार्वजनिक विद्युत आपूर्ति प्राधिकरण

- नयाँ AEV को खरिद वा भाडामा $१,००० छुट वा PHEV को लागि $५०० - निम्न नगरपालिका विद्युतीय उपयोगिताहरूका ग्राहकहरूका लागि उपलब्ध छ: बार्टन गाउँ, इनोसबर्ग फल्स गाउँ, हार्डविक विद्युत विभाग, ज्याक्सनभिल गाउँ, जोन्सन गाउँ, लुडलो विद्युत बत्ती विभाग, लिन्डनभिल विद्युत विभाग, मोरिसभिल जल तथा बत्ती विभाग, नर्थफिल्ड विद्युत विभाग, ओर्लिन्स गाउँ, र स्वान्टन गाउँ।
- नयाँ AEV वा PHEV खरिद गर्ने न्यून आय भएका ग्राहकहरूलाई थप $४०० प्रोत्साहन (इन्सेन्टिभ)।
- पूर्व-स्वामित्व (प्री-ओंड) भएको EV को लागि $५०० सम्मको छुट।
- EV खरिदको साथमा नि:शुल्क स्तर २ (२४० भोल्ट) चार्ज गर्ने उपकरण।

### ग्रीन माउनटेन पावर

- नयाँ AEV को खरिद वा भाडा (लीज) मा $२,२०० छुट वा PHEV को लागि $१,०००।
- प्रयोग भएका पुराना AEV को खरिदमा $१,५०० छुट वा प्रयोग भएका पुराना PHEV को लागि $७५० छुट।
- नयाँ वा प्रयोग भएका पुराना AEV खरिद गर्ने न्यून देखि मध्यम आय भएका ग्राहकहरू थप $१,००० छूटका लागि योग्य हुन सक्छ।
- EV खरिदको साथमा नि:शुल्क स्तर २ (२४० भोल्ट) चार्ज गर्ने उपकरण।
- अफ-पीक (कम-चापको समय) छुटमा EV चार्जिङ दरहरू उपलब्ध छन्

### भर्मोन्ट विद्युत सहकारिता

- नयाँ वा प्रयोग भएका पुराना AEV खरिदका लागि $५०० बिल क्रेडिट।
- नयाँ वा प्रयोग भएका पुराना PHEV को खरिदको लागि $२५० बिल क्रेडिट।
- AEV लीजको प्रत्येक वर्षको लागि $१०० बिल क्रेडिट।
- PHEV लीजको प्रत्येक वर्षको लागि $५० बिल क्रेडिट।
- न्यून-देखि-मध्यम आय भएका सदस्यहरू थप $२५० बिल क्रेडिटको लागि योग्य हुन सक्छन्।
- EV खरिदको साथमा नि:शुल्क स्तर २ (२४० भोल्ट) चार्ज गर्ने उपकरण।

### वाशिंगटन विद्युत सहकारिता

- नयाँ AEV को खरिद वा भाडामा $१,२०० वा नयाँ PHEV को लागि $९५०।
- आय योग्य परिवारका लागि थप $७०० प्रोत्साहन (इन्सेन्टिभ) उपलब्ध छ।
- EV खरिदको साथमा नि:शुल्क स्तर २ (२४० भोल्ट) चार्ज गर्ने उपकरण।

भर्मोन्ट राज्य प्रोत्साहन जानकारीको लागि पछाडी हेर्नुहोस्

# भर्मोन्ट राज्य विद्युतीय सवारी साधन प्रोत्साहन

**भर्मोन्ट राज्यले न्यून र मध्यम आम्दानी भएका भर्मोन्ट बासीहरूलाई नयाँ र प्रयोग भएका पुराना EVहरू खरिद गर्नमा मद्दत गर्न प्रोत्साहनहरू (इन्सेन्टिभ) उपलब्ध गराउँदै आएको छ। तलको तालिकामा तपाईंको हालैको वार्षिक समायोजित कुल आय (AGI) को कर रिटर्नमा रिपोर्ट भएको आधारमा नयाँ EV खरिद गर्नको लागि पात्रता (एलिजिबिलिटी) र प्रोत्साहन (इन्सेन्टिभ) रकमको विवरण उपलब्ध छ।**

**प्रयोग भएका पुराना EV हरूका लागि, MileageSmart नामक एउटा कार्यक्रम छ जसले आय-योग्य भर्मोन्ट बासीहरूलाई खरिद मूल्यको २५%, प्रयोग भएका पुराना उच्च-दक्षता सवारी साधनमा $५,००० सम्मको प्रोत्साहन (इन्सेन्टिभ) उपलब्ध गराउँदछ।**

**समायोजित सकल आय र सवारी साधन प्रकार आधारित भर्मोन्ट राज्य नयाँ EV प्रोत्साहन (इन्सेन्टिभ) रकम**

| कर दायरी (फाइलिङ) स्थिति | समायोजित सकल आय (AGI) सीमा | *राज्य प्रोत्साहन (इन्सेन्टिभ) रकम* | |
|---|---|---|---|
| | | **प्लग-इन हाइब्रिड विद्युतीय सवारी साधन (PHEV)** | **पूर्ण-विद्युतीय सवारी साधन (AEV)** |
| **एकल रूपमा व्यक्तिगत** दायरी –वा– **विवाहित जोडीको अलग-अलग** दायरी | $६०,००० वा कम | $३,००० | $५,००० |
| | $६०,००१ देखि $१००,००० सम्म | $१,५०० | $२,५०० |
| **परिवारको प्रमुखको** रूपमा **व्यक्तिगत** दायरी (फाइलिङ) | $७५,००० वा कम | $३,००० | $५,००० |
| | $७५,००१ देखि $१२५,००० सम्म | $१,५०० | $२,५०० |
| **विवाहित जोडी संयुक्त** रूपमा दायर गर्दै –वा– योग्य **विधुर/जीवित लोग्ने/स्वास्नीको** रूपमा **व्यक्तिगत** दायरी | $९०,००० वा कम | $३,००० | $५,००० |
| | $९०,००१ देखि $१५०,००० सम्म | $१,५०० | $२,५०० |

## राज्य प्रोत्साहन (इन्सेन्टिभ) कसरी प्राप्त गर्ने

नयाँ EV खरिद वा लीजको लागि राज्य प्रोत्साहन (इन्सेन्टिभ) प्राप्त गर्ने दुई तरिकाहरू छन् – या त सहभागी सवारी साधन (अटो) डिलरमा वा प्रत्यक्ष आवेदन मार्फत:

**A सवारी साधन डिलरशिप प्वाइन्ट-अफ-सेल**
सहभागी डिलरशिपहरूले ग्राहकको डाउन पेमेन्टमा प्रोत्साहन (इन्सेन्टिभ) रकम लागू गरेर डिलरशिप मार्फत ग्राहकहरूलाई राज्य प्रोत्साहन दिनेछन्।

• **प्रत्यक्ष उपभोक्ता**
यदि ग्राहकले प्रोत्साहन (इन्सेन्टिभ) दाबी गर्ने र प्रत्यक्ष भुक्तानी अनुरोध गर्ने कुरा रोज्छन् भने, तिनीहरूले खरिद गरेको ६० दिन भित्र योग्य गाडीको लागि आफ्नो आवेदन पेश गर्नु पर्नेछ।

## पात्रता का आवश्यकताहरू

शुरुवाती (बेस) मोडेल निर्माताको निर्धारित खुद्रा मूल्य (MSRP) $५०,००० वा सोभन्दा कमको रूपमा नयाँ बिक्रि/भाडामा लिएका प्लग-इन विद्युतीय सवारीका लागि प्रोत्साहनहरू (इन्सेन्टिभ) उपलब्ध छन्। प्लग-इन हाइब्रिड विद्युतीय साधनहरू योग्य हुन कम्तिमा २० माइलको विद्युतीय दायरा (रेंज) हुनुपर्दछ। योग्य मोडेलहरूको सूचीको लागि ड्राइभ इलेक्ट्रिक भर्मोन्टको वेबसाइट हेर्नुहोस्।

- भर्मोन्ट राज्यले शुरुवाती (बेस) मोडेल योग्य छ भनी न तोके सम्म ग्राहकको खरिदहरूले आधार (बेस) मूल्यको सीमालाई नाघ्न सक्दछन्।
- कोष (रकम) सबै भन्दा पहले आउनेलाई, पहलो सेवाको आधारमा वितरण गरिन्छ।
- भर्मोन्टका बासिन्दाहरू मात्र योग्य छन्। निजि प्रयोगका सवारी साधनहरूको लागि मात्र।
- थप जानकारीको लागि वेबसाइट हेर्नुहोस्।

## आफ्नो सवारी बदल्नु होस्

**१० वर्ष भन्दा बढी पुरानो पेट्रोल गाडी स्क्र्याप गर्न र नयाँ AEV, PHEV, वा स्वच्छ यातायातका सेवाहरू (बाइक, ई-बाइक, कार शेयर, आदि) संग बदल्नको लागि भर्मोन्ट राज्यले $५,००० सम्मको प्रस्ताव पनि गर्दछ। यसलाई माथि उल्लेखित सबै प्रोत्साहन (इन्सेन्टिभ)हरु संग जोड्न सकिन्छ। आय योग्यता र अन्य आवश्यकताहरू लागू हुने छन्। थप जानकारीको लागि हाम्रो वेबसाइट हेर्नु होला।**

Updated 7/28/2023

भर्मोन्ट प्रोत्साहन (इन्सेन्टिभ)का लागि योग्य सवारी साधनहरूको सूची, सहभागी डिलरशिपहरू, र बाँकी रहेको प्रोत्साहन (इन्सेन्टिभ) रकम सहित विद्युतीय सवारी प्रोत्साहन कार्यक्रमहरू बारे तल थप जान्नुहोस्।
**www.driveelectricvt.com/incentives**

इन्सेन्टिभ क्यालकुलेटर

Drive Electric Vermont